मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल।

E-mail: info.moec@madhesh.gov.np
Website: www. moec.madhesh.gov.np

प.सं. २०८३/०८४
च. नं. 290

प्रथम पटक प्रकाशित मितिः२०८३/०६/२३

**विषयः सामुदायिक विद्यालयमा शौर्य उर्जा ब्याकअप, उच्च गतिको ईन्टरनेट (high speed internet) जडान सहितको E-Learning सामग्री जडान अनुदानका लागि विद्यालय छनौट सम्बन्धी सूचना।**

यस मन्त्रालयको आ.व.२०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार मधेश प्रदेशका प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रबाट १/१ वटा सामुदायिक माध्यमिक विद्यालयमा शौर्य उर्जा ब्याकअप, उच्च गतिको ईन्टरनेट (high speed internet) जडान सहित E-Learning सामग्री जडानका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा इच्छुक तथा तपसिलका मापदण्ड पुरा गर्ने सामुदायिक विद्यालयहरुले मितिः२०८३/०७/१९ गते (कार्यालय समय) भित्र तपसिल बमोजिमको कागजातसहित आवेदन/प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१. कार्यक्रमको संक्षिप्त विवरण

कार्यक्रमको नामः प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रका १/१ सामुदायिक विद्यालयमा शौर्य उर्जा ब्याकअप, उच्च गतिको इन्टरनेट (high speed internet) जडान सहितको E-Learning सामग्री जडान अनुदान ।

छनौट हुने विद्यालयः प्रत्येक प्रादेशिका निर्वाचन क्षेत्रबाट १/१ वटा गरी जम्मा ६४ वटा सामुदायिक माध्यमिक विद्यालय (प्रादेशिक नमुना वा आवासिय विद्यालयसहित) ।

२. आवेदनका शर्त तथा प्रतिबद्धताः

१. सम्बन्धित निकायबाट स्वीकृत/अनुमतिप्राप्त सामुदायिक माध्यमिक विद्यालय भएको।
२. विद्यालयमा प्राविधिक वा डिजिटल सिकाई प्रणाली (आईसीटी कक्षा) सञ्चालन गर्ने व्यवस्था/चाहनासहितको प्रतिबद्धता।
३. ई-लर्निङ (e-Learning) प्रयोगशालाको सम्बन्धमा देहाय बमोजिम भए/नभएको प्रतिबद्धता।

| क्र.सं. | कोठाको उपलब्धता र भौतिक अवस्था | छ/छैन |
|---|---|---|
| १ | पक्की भवनमा छुट्टै, सुरक्षित (ग्रिल/ताल्चा सहित) कोठा तयारी अवस्थामा रहेको | |
| २ | छुट्टै कोठा उपलब्ध भएको तर सामान्य मर्मत वा सुरक्षा सुदृढीकरण (सटर, ग्रिल) आवश्यक पर्ने अवस्थामा रहेको | |
| ३ | हाल अन्य प्रयोजन (पुस्तकालय वा सभाहल) मा रहेको कोठालाई व्यवस्थापन गर्न सकिने अवस्थामा रहेको | |
| ४ | हाल कोठा खाली नभएको तर नयाँ प्रयोगशाला भवन/कोठा निर्माण भइरहेको अवस्थामा रहेको | |
| ५ | कोठाको अभाव रहेको तर सम्झौता भएपछि तत्काल भाडामा वा वैकल्पिक व्यवस्था गर्ने अवस्थामा रहेको | |

उप-सचिव

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल।
E-mail: info.moec@madhesh.gov.np
Website: www. moec.madhesh.gov.np

प.सं. २०८३/०८४
च. नं. २१७

४. विद्यालयले अनुदान प्राप्त भएपश्चात सौर्य ऊर्जा, इन्टरनेट र ई-लर्निङ सामग्रीको उचित व्यवस्थापन तथा निरन्तर मर्मत सम्भार गर्न सक्ने प्रतिवद्धता।

५. विद्यालय व्यवस्थापन समिति/विद्यालय प्रशासन (प्रधानाध्यापक तथा शिक्षक) कार्यक्रम कार्यान्वयनका लागि जिम्मेवार रहने प्रतिबद्धता।

६. विद्यालयमा आधारभूत शैक्षिक तथा भौतिक पूर्वाधार सञ्चालनयोग्य अवस्थामा रहेको प्रतिबद्धता।

७. विद्यालयले माग गरिएको विवरण तथा कागजात तोकिएको ढाँचामा पेश गर्ने प्रतिबद्धता।

८. यस मन्त्रालय वा अन्य निकायवाट विगतमा यस्तै प्रकृतिको प्रविधि सम्बन्धी अनुदान प्राप्त गरी अझै फर्छ्यौट हुन बाँकी नरहेको प्रतिबद्धता।

९. विद्यालयले मन्त्रालय/सम्बन्धित निकायवाट हुने अनुगमन तथा मूल्याङ्कनमा पूर्ण सहयोग गर्ने प्रतिबद्धता।

## ३. आवेदनसँग पेश गर्नुपर्ने कागजातहरू

विद्यालयले आवेदनसँग देहायका कागजात अनिवार्य रूपमा पेश गर्नुपर्नेछ:

१. विद्यालयको आधिकारिक आवेदन पत्र।

२. विद्यालय व्यवस्थापन समिति वा सो समिति नभएको अवस्थामा उक्त विद्यालयको प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी समिलित बैठकको निर्णयको प्रतिलिपि।

३. विद्यालयको प्रतिवद्धता पत्र।

४. विद्यालयमा हाल कम्प्युटर वा डिजिटल कक्षा सञ्चालन भएको भए सोको विवरण।

५. विद्यालयमा अध्ययनरत जम्मा विद्यार्थीहरूको सङ्ख्या विवरण।

६. विद्यालयमा कार्यरत कम्प्युटर/आईसीटी शिक्षक वा प्राविधिक सहजकर्ताको विवरण।

७. ई-लर्निङ कक्षा स्थापना गरिने कोठाको वर्तमान अवस्थाको विवरण।

८. उक्त कोठाको चार दिशाबाट खिचिएको हालसालैको फोटो।

९. विद्यालयमा हाल उपलब्ध बिजुली र इन्टरनेटको अवस्थाको विवरण।

१०. प्रस्तावित सौर्य ऊर्जा, इन्टरनेट र ई-लर्निङ सामग्री जडानको कार्ययोजना/लागत अनुमान।

११. विद्यालयको बैंक खाताको विवरण (चेकको प्रतिलिपि)।

## ४. विद्यालयले आवेदनमा स्पष्ट रूपमा खुलाउनुपर्ने विषय

### क. विद्यालयको विवरण

- विद्यालयको नामः ............................................................
- विद्यालयको EMIS/IEMIS कोड नं.: ............................
- ठेगानाः ............................................................................
- स्थानीय तहः .......................................................................
- वडा नं.: .........................

उप-सचिव

E-mail: info.moec@madhesh.gov.np
Website: www. moec.madhesh.gov.np

मधेश प्रदेश सरकार
# शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल।

प.सं. २०८३/०८४
च. नं. २१७

- सम्पर्क नम्बर: ..............................................................
- प्रधानाध्यापकको नाम: ......................................................
- विद्यालय व्यवस्थापन समितिका अध्यक्षको नाम (समिति गठन भएमा):

..................................................

ख. ई-लर्निङ तथा प्रविधि पूर्वाधार सम्बन्धी विवरण

| क.सं. | विवरण | सङ्ख्या / अवस्था |
|---|---|---|
| १ | विद्यालयमा जम्मा अध्ययनरत विद्यार्थी सङ्ख्या | |
| २ | विद्यालयमा जम्मा छात्रा (बालिका) सङ्ख्या | |
| ३ | विद्यालयमा जम्मा दलित विद्यार्थी सङ्ख्या | |
| ४ | विद्यालयमा हाल उपलब्ध चालु अवस्थाका कम्प्युटर/ल्यापटप सङ्ख्या | |
| ५ | डिजिटल कक्षा/ई-लर्निङका लागि छुट्याइएको कक्षा कोठा सङ्ख्या | |
| ६ | विद्यालयमा कम्प्युटर/आईसीटी हेर्ने तालिमप्राप्त शिक्षक/सहजकर्ता सङ्ख्या | |
| ७ | हाल विद्यालयमा भएको विद्युतको मुख्य स्रोत (नेपाल विद्युत प्राधिकरण/सोलार/छ/छैन) | |
| ८ | हाल उपलब्ध इन्टरनेटको अवस्था (फाइबर/वाइफाइ/छ/छैन) | |

..............................
किशोरी कापर
उपसचिव
उप-सचिव